# चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान
## डीनको कार्यालय, परीक्षा शाखा
### बीर अस्पताल, महाबौद्ध, काठमाडौं

# Master in Nursing
# तहमा नयाँ विद्यार्थी भर्नासम्बन्धी सूचना

यस चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानले शैक्षिक वर्ष २०७६/०७७ मा सञ्चालन गर्ने निम्नअनुसारका विषयमा २ वर्षे स्नातकोत्तर (Master in Nursing) तहमा नयाँ विद्यार्थी भर्नासम्बन्धी सूचना प्रकाशित गरिएको छ । नेपाल नर्सिङ काउन्सिलको पूर्वाधार पूरा गरिसकेका स्नातक नर्सिङ पास भई कम्तीमा २ वर्ष मान्यता प्राप्त अस्पताल वा शिक्षणसंस्थामा काम गरेको (स्नातक अघि वा पछि गरी कम्तीमा १ वर्ष मान्यता प्राप्त अस्पतालमा अनिवार्य कार्य अनुभव भएका) नेपाली नागरिक उम्मेदवारहरूले चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानको अनलाइन आवेदन फाराम **मिति २०७६।०५।१५ गतेदेखि २०७६।०५।२५ गतेसम्म** भर्नु हुन अनुरोध गरिएको छ । Online फाराम website: online.nams.org.np मा गई भर्न सकिनेछ र परीक्षा शुल्क रु. ३,१००।- (तीन हजार एक सय रुपैयाँ फिर्ता नहुने गरी) ई-सेवाबाट मात्र तिर्न सकिनेछ । थप जानकारीका लागि यस प्रतिष्ठानको website: nams.org.np मा हेर्न सकिनेछ ।

| सि.नं. | संस्था | विषय | सिट संख्या |
|---|---|---|---|
| १. | वीर अस्पताल नर्सिङ क्याम्पस | **Master in Nursing**<br>1. Women's health and development (WHD) - 6<br>2. Paediatric Nursing - 4 | १० (दश) |

**द्रष्टव्य:**

**१. वीर अस्पताल नर्सिङ क्याम्पसको कोटाबाट सःशुल्क**

- ६ सिट (WHD - ४ सिट र Paediatric Nursing - २ सिट) नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको उम्मेदवारका लागि ।
- १ सिट वीर अस्पताल र ट्रमा सेन्टरमा कार्यरत स्थायी नर्सिङ स्टाफहरूका लागि ।
- १ सिट वीर अस्पताल नर्सिङ क्याम्पसमा कार्यरत स्थायी नर्सिङ शिक्षकहरूका लागि ।
- १ सिट पुरुष उम्मेदवारहरूका लागि ।
- नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका उम्मेदवार र Sponsored candidate ले फाराम भर्दा आफ्नो संस्थाबाट अध्ययनका लागि पूर्व स्वीकृति पत्र अनिवार्य पेश गर्नुपर्नेछ ।
- Sponsored candidate ले आफ्नो संस्थामा कम्तीमा २ वर्ष स्थायी नोकरी गरेको तथा भर्नाको बखत Bond गरेको कागज पेश गर्नुपर्नेछ । नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका उम्मेदवारहरूले भर्नाको बखत विदासम्बन्धी सम्पूर्ण प्रक्रिया सम्बन्धित उम्मेदवार आफैंले पूरा गरी भर्ना हुनुपर्नेछ ।
- आरक्षित सिटहरू खाली हुन गएमा खुल्लाबाट पूर्ति गरिनेछ ।

२. प्रवेश परीक्षाको मिति, समय र स्थान पछि प्रतिष्ठानको Web-site मा प्रकाशित गरिनेछ ।

३. अनलाइन फाराम भर्दा तोकिएको प्रमाणपत्र पेश नगरिएका, विधि नपुगेका उम्मेदवारको आवेदन रद्द गर्न सकिनेछ ।

४. भर्ना शुल्क प्रतिष्ठानको नियमानुसार हुनेछ ।

५. अनलाइन फाराम भर्दा केही समस्या आएमा ई-सेवाका टोल फ्रि नम्बर : **१६६०-०१०-२१२१** मा सम्पर्क गर्नु होला ।

# चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान
## डीनको कार्यालय, परीक्षा शाखा
### वीर अस्पताल, महाबौद्ध, काठमाडौं

## BNS/BMS नर्सिङ तहमा विद्यार्थी भर्नासम्बन्धी सूचना

यस चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानले शैक्षिक वर्ष २०७६/०७७ मा सञ्चालन गरिने Bachelor in Nursing Sciences (BNS) र Bachelor in Midwifery Sciences (BMS) ३ वर्षे नर्सिङ कार्यक्रममा नेपाल नर्सिङ काउन्सिलको पूर्वाधार पूरा गरी सर्टिफिकेट नर्सिङ पास भई १ वर्ष कार्य गरेको अनुभव भएका योग्य नेपाली नागरिक उम्मेदवारहरूले चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानको अनलाइन आवेदन फाराम **मिति २०७६।०५।१५ गतेदेखि २०७६।०५।२५ गतेसम्म** भर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। Online फाराम website: online.nams.org.np मा गई भर्न सकिनेछ र परीक्षा शुल्क रु. २,१००।- (दुई हजार एक सय रुपैयाँ फिर्ता नहुने गरी) ई-सेवाबाट मात्र तिर्न सकिनेछ। थप जानकारीका लागि यस प्रतिष्ठानको website: nams.org.np मा हेर्न सकिनेछ।

| सि.नं. | संस्था | कार्यक्रम | सीट संख्या |
|---|---|---|---|
| १. | वीर अस्पताल नर्सिङ क्याम्पस | **BNS** (Critical Care Nursing) | ४० (चालीस) |
| | | **BMS** (Midwifery) | २० (बीस) |
| २. | भरतपुर अस्पताल नर्सिङ क्याम्पस, भरतपुर | **BNS** (Critical Care Nursing) | ४० (चालीस) |

**द्रष्टव्यः**

१. **वीर अस्पताल नर्सिङ क्याम्पसको कोटाबाट सःशुल्क**

- २५ सिट (BNS - १० सिट र BMS - १५ सिट) नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको उम्मेदवारका लागि।
- २ सिट (BNS) वीर अस्पताल र ट्रमा सेन्टरमा कार्यरत स्थायी स्टाफ नर्सहरूका लागि (छनौटसम्बन्धी विस्तृत जानकारीका लागि चि.वि.रा. प्रतिष्ठानमा सम्पर्क राख्न सकिनेछ)।
- ३ सिट (BNS) चि.वि.रा. प्रतिष्ठानसँग आबद्ध अन्य अस्पतालहरूका लागि (एउटा अस्पताललाई एक सिटमा नबढाई)।
- Sponsored candidate ले आफ्नो संस्थामा कम्तीमा २ वर्ष स्थायी नोकरी गरेको तथा भर्नाको बखत Bond गरेको कागज पेश गर्नु पर्नेछ। नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका उम्मेदवारहरूले भर्नाको बखत विदासम्बन्धी सम्पूर्ण प्रक्रिया सम्बन्धित उम्मेदवार आफैंले पूरा गरी भर्ना हुनु पर्नेछ।
- नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका उम्मेदवार र Sponsored candidate ले फाराम भर्दा आफ्नो संस्थाबाट अध्ययनका लागि पूर्व स्वीकृतिपत्र अनिवार्य पेश गर्नु पर्नेछ।
- आरक्षित सिटहरू खालि हुन गएमा खुल्लाबाट पूर्ति गरिनेछ।

२. **भरतपुर अस्पताल नर्सिङ क्याम्पसको कोटाबाट सःशुल्क**

- नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको उम्मेदवारका लागि - १० सिट

३. पुरुष उम्मेदवारहरूका लागि १५% (पन्ध्र प्रतिशत) सिट छुट्याइएको छ।

४. भर्ना शुल्क प्रतिष्ठानको नियमानुसार हुनेछ। अस्पताल विकास शुल्क सम्बन्धित संस्थाले बढीमा मासिक प्रतिविद्यार्थी रु. ३,०००।- सम्म लिन सक्नेछ। सेवा/सुविधा सम्बन्धित अस्पतालले तोकेबमोजिम हुनेछ।

५. प्रवेश परीक्षाको मिति, समय र स्थान पछि प्रतिष्ठानको Web-site मा प्रकाशित गरिनेछ।

६. अनलाइन फाराम भर्दा तोकिएको प्रमाणपत्र पेश नगरिएका, विधि नपुगेका उम्मेदवारको आवेदन रद्द गर्न सकिनेछ।

७. अनलाइन फाराम भर्दा केही समस्या आएमा ई-सेवाका टोल फ्रि नम्बर : १६६०-०१०-२१२१ मा सम्पर्क गर्नु होला।